फाल्गुनन्द गाउँपालिकाको
११ औं गाउँ सभामा मिति २०७९ साल असार १० गते
उपाध्यक्ष श्री ठाकुर सिं नेम्बाङले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७९/८० को बजेट बक्तव्य

फाल्गुनन्द गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फाक्तेप, पाँचथर
२०७९

**गाउँसभाको अध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**
**कर्मचारी साथीहरु,**
**तथा उपस्थित सम्पुर्ण महानुभावहरु,**

१. नेपालको संविधान २०७२ बमोजिम संघिय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्धारा नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको अभिलाषा पुरा गर्ने उद्देश्यका साथ संघ, प्रदेश र स्थानीय तहको सरकारले आफ्नो पाँच वर्षे कार्यकाल पुरा गरिसेकेको छ । २०७९ बैशाख ३० गते स्थानिय तहको दोस्रो निर्वाचन सम्पन्न भई स्थानिय सरकारको दोस्रो कार्याकालको सुरुवाति चरणमा फाल्गुनन्द गाउँपालिका पाँचथरको यो आठौ गाउँसभामा हामी उपस्थित भएका छौ । संविधान बमोजिम गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गरिमामय गाउँसभामा आगामी आर्थिक वर्ष २०७९/८० को आय र व्ययको विवरण प्रस्तुत गर्नपाउदा खुशीको अनुभुति गरको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका नेपाली जनताले गरेको दस वर्षे जनयुद्ध, जन आन्दोलन, मधेश आन्दोलन, पुरक आन्दोलना रुपमा भएका आदिबासी जनजाती आन्दोलन र पिछडीएका क्षेत्रका आन्दोलन, राजनैतिक क्रान्ति एवं संघर्षलाई स्ममण गर्दै जनताको अधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । यस घडीमा घाइते योद्धाहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान र परिवारजन प्रति सहानुभुति प्रकट गर्दछु ।

३. संविधानबाट प्राप्त अधिकार, अनुसूची ८ मा भएको संवैधानिक व्यवस्था अनुरुपका २२ प्रकारका स्थानिय तहको अधिकार अनुसार स्थानिय सरकारको नीति तथा कार्यक्रम, ऐन, नियम, योजना तर्जुमा तथा बजेट व्यवस्था गर्ने जिम्मेवारी एवम् कर्तव्य स्थानिय सरकारको हो । सम्पुर्ण फाल्गुनन्दबासीमा सुशासन विकास र समृद्धिको प्रत्याभुति गराउने, जनताको सुख र समृद्धिको लागि योजनाबद्ध विकासका लागि आ.ब. २०७९/८० को गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम एवम् बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउने ऐतिहासिक दिनमा हामी उपस्थित भएका छौ ।

४. संघिय लोकतान्त्रिक गणतन्त्रले हामीलाई दिगो शान्ति, स्थायित्व, विकास, समृद्धि, सामाजिक व्याय र समाजवाद तर्फ अघि बढने आधार दिएको छ । आम फाल्गुनन्दबासीको परिवर्तनको चाहाना एवम् विकास र समृद्धिको सपनालाई सार्थक बनाउने सम्भावनाको ढोका खोलेको छ । यो बजेट नीति, तथा कार्यक्रम मार्फत गाउँपालिकाले अवलम्बन गरेको समृद्ध र नमुना फाल्गुनन्द गाउँपालिका निर्माणको

आधारशिला निर्माण गर्न सामाजिक न्याय सहितको बहुआयमिक विकासलाई तीव्र रुपमा अगाडी बढाउने जमर्को गरिएको छ ।

५. नेपालको संविधान २०७२ मा भएको व्यवस्था बमोजिम स्थानिय सरकारको क्षेत्राधिकार अनुरुप वित्तीय संघियतालाई प्रभावकारी र दिगो बनाउन सम्भाव्य स्रोतको परिचालन, दक्षतापुर्ण बाँडफाँट तथा उच्चतम उपयोग गर्न विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासनको त्रिकोणात्मक संयोजन कायम गर्नु परेको छ । आर्थिक तथा सामाजिक पुर्वाधारको विकास गर्दै गरिवीको रेखामुनि रहेका एवं विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ, जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न उपलब्ध स्रोत र साधनलाई उच्चतम उपयोग गर्ने प्रयास गरिएको छ ।

६. आगामी वर्षको बजेट तयार गर्दा नेपालको संविधान, गाउँपालिकाको आवधिक योजना, आवधिक योजनाले राखेको दिर्घकालीन सोच, पन्ध्रौ योजना, दिगो विकासको लक्ष्य, फाल्गुनन्द गाउँपालिकाको दोस्रो स्थानिय सरकार गठन सँगै तयार पारिएको न्यनतम साझा कार्यक्रमलाई महत्वपूर्ण आधारको रुपमा लिएको छु । समाजमा रहेका सामाजिक, आर्थिक, लैङगिक लगायत सबै प्रकारका विभेद तथा कुरितिको अन्त्य गर्दै गाउँपालिकाको विकास, समृद्धि र सामाजिक न्यायलाई केन्द्रविन्दुमा राखी समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने उद्देश्यबाट बजेट निर्देशित भएको छ ।

७. गाउँसभाको यस अधिवेशनमा पेश भएको विनियोजन विधेयकका सिद्यान्त र प्राथमिकता उपर भएको छलफलमा गाउँसभाका सदस्यहरुबाट प्राप्त सुझाव, राजनीतिक दल, स्थानिय बुद्धिजिवी, शिक्षाकर्मी, पेशाविद, निजी क्षेत्र, उद्योगी व्यवसायी, सञ्चार कर्मी र आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई समेत बजेट तर्जुमा गर्दा महत्व दिएको छु ।

**गाउँसभाका अध्यक्ष ज्यू,**

८. आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका उद्देश्यहरु निम्न अनुसार रहेका छन्-

क. शिक्षा, स्वास्थ्य, सरसफाई तथा पोषण मार्फत मानिसको जीवन स्तरमा सुधार गर्ने,

ख. दिगो विकासको लक्ष्य अनुरुप भौतिक पूर्वाधारहरुको विकास गर्ने,

ग. कृषि तथा पशु विकासको माध्यमबाट उत्पादन वृद्धि गरी आय बढाउने,

घ. गाउँपालिकाको आर्थिक विकासका नविनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्दै समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने ।

ङ. आर्थिक तथा सामाजिक पूर्वाधारहरुको विकास गरी समृद्ध फाल्गुनन्द गाउँपालिकाकोआधार तयार गर्ने ।

च. संघ र प्रदेश सँग सहयोग समन्वय र सहाकार्य मार्फत सन्तुलित विकासमा जोड दिइनेछ ।

छ. गाउँपालिकाको शुशासण र सेवा प्रवाहमा सुधार गर्न सवै संयन्त्रलाई प्रभावकारी वनाइनेछ ।

ज. सम्पूर्ण सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने,

झ. स्थानिय स्रोत साधनको समुचित परिचालन मार्फत दिगो, समावेशी र सामाजिक न्याय सहितको उच्च आर्थिक वृद्धि हासिल गर्ने,

ञ. लैगिक तथा सामाजिक समावेशिकरणको विकास गर्ने,

ट. आन्तरिक पर्यटनको विकासमा जोड दिइ आयमा वृद्धि गर्ने,

९. अव म आगामी आर्थिक वर्ष २०७९/८० को बजेटका प्राथमिकताहरु निम्नानुसार प्रस्तुत गर्न अनुमति चाहान्छुः

क. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाँइ लगायतका क्षेत्रहरुमा प्रतिफल योग्य लगानीको वातावरण तयार गरिनेछ ।

ख. वातावरणीय र जलवायुमैत्री भौतिक पूर्वाधारको निर्माणमा जोड दिइनेछ ।

ग. व्यवसायिक कृषि र पशु विकासमा जोड दिइ फाल्गुनन्द गाउँपालिकालाई आत्मनिर्भर उन्मुख बनाइनेछ ।

घ. निर्माणाधिन तथा अधुरा आयोजनाहरुको निर्माण कार्य समयमै सम्पन्न गरिनेछ ।

ङ. सुशासन, पारदर्शिता र सेवा प्रवाहमा गुणात्मक सुधारको लागि नविन प्रविधिहरुको प्रयोगमा जोड दिइनेछ ।

च. लक्षित वर्गको सशक्तिकरण र समाजमा स्थापित गराउने समतामुलक विकासको अवधारणाबाट कार्यक्रमहरु बनाइ कार्यान्वयन गरिनेछ ।

छ. रोजगारीको सिर्जना र आयमा वृद्धि गर्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिइनेछ।

ज. पर्यटन पुर्वाधारको विकासका निम्ति बृहत अध्ययन गरी गाउँपालिका भित्र रहेका पर्यटकिइ क्षेत्रहरुको संरक्षण तथा विकास गरिनेछ ।

१०. चालु आर्थिक वर्षको विनियोजन तथा खर्चको समिक्षा गर्दा कुल विनियोजित बजेट रु. ५९ करोड ६८ लाख ८८ हजार ५०६ रुपैयाँ रहेकोमा वैशाख मसान्तसम्ममा रु. २२ करोड ८५ लाख ३ हजार ६५७ रुपैया खर्च भएको छ भने आर्थिक वर्षको अन्त्यमा ७५ प्रतिशत भन्दा माथि खर्च हुने अनुमान छ ।

११. चालु आर्थिक वर्षमा गाउँपालिकाले अनुमान गरेको राजस्व रु ५५ लाख मध्ये बैशाख सम्म रु. ९ लाख संकलन भएको छ भने आर्थिक वर्षको अन्त्यमा रु. २० लाख संकलन हुने अनुमान छ ।

१२. अब म आगामी आर्थिक वर्षको गाउँपालिकाको बजेटमा रहेका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्दछुः

**कृषि तथा पशुपंछि विकास**

१३. विद्यमान सिँचाइ प्रणालीको स्तरोन्नति,आधुनिक तथा वैकल्पिक सिँचाई प्रविधिको प्रयोग गरी खेतीयोग्य क्षेत्रहरुमा नियमित रुपमा सिँचाइ सुविधा र नयाँ क्षेत्रहरुमा सिँचाइ सेवा उपलब्ध गरी खेति विस्तार गर्ने विभिन्न कार्यका लागि **रु. २३ लाख विनियोजन गरेको छु ।**

१४. गाउँपालिका भित्र रहेका व्यावसायिक र विभिन्न सरकारी निकायमा दर्ता भएका कृषि फर्म, कृषक समुह, कृषि सहकारी आदीलाई प्रोत्साहन गर्न कृषिका आधुनिक प्रविधि तथा यन्त्र-उपकरण वितरण कार्यको लागि **रु १५ लाख ६० हजार विनियोजन गरेको छु ।**

**१५.** फाल्गुनन्द गाउपालिका भित्र खेति भइरहेको उच्च प्रतिफल दिने प्रचुर संभावना भएको नगदेवालीहरु अलैंची, किवी, सुन्तला, अकवरे तथा तरकारी खेतीलाई उच्च प्राथमिकतामा राखि थप विस्तार गर्न कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ । यसका लागि उन्नत विउ विजन वितरणमा अनुदानका लागि **रु १७ लाख ५० हजार विनियोजन गरेको छु ।**

१६. कृषि बालीमा लाग्ने प्रमुख रोग किराबाट हने क्षतिलाई समयमै नियन्त्रण गर्न र नोक्सानी न्यूनीकरण गर्न **रु ४ लाख ५० हजार विनियोजन गरेको छु ।**

१७. कृषकको क्षमता विकास गरि कृषि उत्पादन तर्फ आत्मनिर्भर बनाउन आवश्यकता अनुसार विभिन्न तालिम संचलन गरि सक्षम जनशक्ति उत्पादन गर्ने र कृषकको जिवनस्तर उकास्न विभिन्न सामाग्रि वितरण गर्ने कार्यको लागि **रु १३ लाख २० हजार विनियोजन गरेको छु।**

**१८.** कृषि विकास शाखाको कार्यलय सँचालन, व्यवस्थापन मासिक वैठक रिपोर्टिङ्ग डिजीज सर्भिलेन्स आदि कार्य गर्न आवस्यक रकम **रु ४ लाख विनियोजन गरेको छ ।**

**१९.** कर्मचारी क्षमता विकास, कृषि विमा कार्यक्रम, अगुवा कृषकलाई क्षमता विकास तथा साना मझौला कृषि व्यवसायिहरुको क्षमता विकास कार्यको लागि एकिकृत सेवा प्रदान गर्न सहायक स्तर र कृषकस्तरका तालिम गोष्टि आदि कार्यसँचालन गन्नको लागि **रु. ६ लाख विनियोजन गरेको छु।**

२०. पशुपन्छी पालन व्यवसायलाई व्यवसायीकरण गर्न उन्नत र दिगो पशुपालनको लागि उपलब्ध श्रोत साधनकोसहयोग गरी कृषि ज्ञान र सीप प्रविधिविस्तार मा जोड दिन व्यवसायिक कृषकहरुलाई घाँस काट्ने मेसिन, साना डेरी प्रवर्धन को लागि मिल्क एनलाईजर, गोठ सुधार साईलोपिट निर्माणआदि कार्यक्रम सँचालनको लागि ७५% अनुदानमा आवस्यक रकम **रु १७ लाख विनियोजन गरेको छु ।**

२१. हिउँदे तथा बर्षे बहुवर्षे उन्नत जातका घाँस बीउ वेर्ना सेट्स वितरण कार्यको लागि आवस्यक रकम **रु २ लाख विनियोजन गरेको छु ।**

२२. फाल्गुनन्द गाउँपालिका भित्र दर्ता प्रकृयमा रहेका वा प्रकृया को चरणमा रहेका व्यवसायिक कृषक समुह फार्म हरुलाई प्रोत्साहनका कार्यक्रम सँचालन गरिने छ । व्यवसायिक फार्म प्रवर्धन कार्यक्रम सँचालनकोलागि आवस्यक रकम **रु १० लाख विनियोजन गरेको छु ।**

२३. पशु प्रजनन सेवा मार्फत उन्नत जातका नक्ष्लको विकास तथा विस्तार सवै वडाहरुमा कृत्रिम गर्भाधान सेवा लाई निरन्तरको कार्यगरी उत्पादन बृद्दी कार्यक्रम सँचालन गरिने छ । पशुपन्छी बजार प्रवर्धन तथा पशु प्रजनन सेवा कार्य तर्फ आवस्यक रकम **रु ५ लाख विनियोजन गरेको छु ।**

२४. फाल्गुनन्द गाउँपालिका भित्र पशु स्वास्थ्य नियमन कार्यक्रम रोग निदान सेवा तथा पशु पन्छीका लागि अत्यावस्यक औषदि खोप सेवा लाई निरन्तरता दिँदै सबै वडामा निःशुल्क प्रदान गर्न आवस्यक रकम **रु. १० लाख विनियोजन गरेको छु ।**

२५. पशुपन्छी सेवा शाखा को कार्यलय सँचालन, व्यवस्थापन मासिक वैठक रिपोर्टिङ्ग डिजीज सर्भिलेन्स आदि कार्य गर्न आवश्यक **रु ६ लाख विनियोजन गरेको छु ।**

२६. कर्मचारी क्षमता विकास,, पशुविमा कार्यक्रम, अगुवा कृषक लाई क्षमता विकास तथा साना मझौला डेरी व्यवसायिहरु को क्षमता विकास कार्य एकिकृत सेवा प्रदान गर्न सहायक स्तर र कृषकस्तर का तालिम गोष्टि सेमिनार दिवस आदि कार्य सञ्चालन गरिने छ । क्षमता विकास तालिम गोष्टि सेमिनार तर्फ आवस्यक रकम **रु ५ लाख विनियोजन गरेको छु ।**

२७. कृषिमा उत्पादनलाई आधुनिकीकरण गर्दै नयाँ प्रविधि सहित क्षमता अभिवृद्धि गर्दै लगिनेछ । आम फाल्गुनन्द गाउँपालिकाबासी नागरिकहरुको आय आर्जन वृद्धि गर्नमा योगदान पुर्याउन क्षमता अभिवृद्धि तथा तालिमहरु सञ्चालन गरिनेछन् । यसका लागि क्षमता अभिवृद्धि तथा तालिम सञ्चालनका लागि **रु. ११ लाख ७५ हजार विनियोजन गरेको छु ।**

२८. कृषक तथा पशुपालनमा संलग्न कृषकहरुलाई गाउँपालिकाले प्रोत्साहन गर्दै उनीहरुको लगानीको आधारमा वर्गिकरण गरी पहिचान गर्दै आर्थिक वर्ष २०७९/८० भित्र कृषक परिचयपत्र वितरण गरि सकिनेछ । **यसका लागि रु. ५ लाख विनियोजन गरेको छु ।**

**शिक्षा,**

२९. फाल्गुनन्द गाउँपालिकामा पठन पाठन भइरहेको मातृभाषा शिक्षालाई थप विस्तार र व्यवस्थित गर्दै लगिनेछ । हाल कार्यरत भाषा शिक्षकहरुको मनोबल उच्च बनाई नतिजामुलक पठन पाठनमा हौसला प्रदान गर्न खाइपाइ आएको पारिश्रमिकमा थप **रु.**

**१ हजार तलब वृद्धि गरेको छु । यसका लागि रु. ४९ लाख ९८ हजार विनियोजन गरेको छु ।**

३०. नेपालको संविधान प्रदत्त स्थानिय तहको अधिकार क्षेत्रभित्र पर्ने आधारभूत तहको शिक्षालाई गुणस्तरीय तथा सर्वसुलभ बनाउन कक्षा ८ को परिक्षालाई गाउँपालिका स्तरीय बनाउने र सामुदायिक विद्यालयहरुमा शैक्षिक सवलिकरण कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि **रु. १५ लाख विनियोजन गरेको छु ।**

३१. सामुदायिक विद्यालयहरुलाई प्रदान गर्दै आइरहेको शैक्षिक सहायता अनुदानलाई निरन्तरता दिन **आवश्यक बजेट विनियोजन गरेको छु ।**

३२. नेपाल सरकारबाट परिवर्तन भएको विभिन्न तह र कक्षाहरुको पाठ्यक्रम सम्बन्धमा सबै तहका शिक्षकहरुलाई पाठ्यक्रम प्रबोधिकरण लगायत क्षमता विकास तालिम सञ्चालन गरिनेछ । यसका लागि **रु. १२ लाख विनियोजन गरेको छु ।**

३३. **सामुदायिक विद्यालयहरुमा** नियमित रुपमा आफ्ना छोरा/छोरी पठाउने अभिभावकहरुलाई विद्यालयको अभिलेखका अनुसार पुरस्कृत गरिनेछ । यसका लागि **आवश्यक बजेट विनियोजन गरेको छु ।**

३४. सामुदायिक विद्यालयको शैक्षिक गतिविधिहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउन शैक्षिक क्यालेण्डर बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । यसका लागि आवश्यक **रु २ लाख विनियोजन गरेको छु ।**

३५. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा कार्यारत विद्यालय कर्मचारी तथा बाल शिक्षकहरुको तलब भत्तालाई निरन्तरता दिन आवश्यक बजेट **रु. ७९ लाख १७ हजार विनियवजन** गरेको छु ।

**स्वास्थ्य तथा आयुर्वेद सेवा,**

३६. गाउँपालिकाबासी आम नागरिकहरुको स्वास्थ्य उपचारमा सहयोग गर्नको लागि विपन्नताको आधारमा वडा कार्यालयबाट सिफारिस बमोजिम आकस्मिक कोषको स्थापना गरि **रु. ३० लाख विनियोजन गरेको छु ।**

३७. गाउँपालिकामा स्वास्थ्य सेवालाई घर घर सम्म पुर्याउन महत्वपूर्ण भूमिका खेलिरहनु भएका आयुर्वेद तथा स्वास्थ्य तर्फका राष्ट्रिय महिला स्वयंसेविकाहरुको कामको प्रसंशा गर्दै थप प्रोत्साहन गर्दै लगिने छ । निजहरुलाई गाउँपालिकाको तर्पबाट प्रोत्साहन स्वरुप वार्षिक रुपमा दिदै आइरहेको जनही रु. १० हजार भत्तामा थप रु. १ हजार थप गरी निरन्तरता दिएको छु । यसका लागि **रु. ९ लाख ४० हजार विनियोजन गरेको छु ।**

३८. गाउँपालिकाका प्रत्येक परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध हुन अभिप्रेरित गरिनेछ । अति विपन्न र नेपाल सरकारको सेवा सुविधा नपाउने अपाङ्गता भएका व्यक्तिहरुको निशूल्क स्वास्थ्य विमा गर्ने व्यवस्था मिलाइनेछ । आगामी आर्थिक वर्षमा

प्रत्येक वडाबाट ३०/३० जनाको निशूल्क स्वास्थ्य विमा गरिनेछ । यसका लागि आवश्यक बजेट **रु. १० लाख विनियोजन गरेको छु ।**

३९. बालबालिका, किशोर किशोरी तथा सुनौला हजार दिने आमाहरुलाई कुपोषण हुन नदिन तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन भइरहेको बहु क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसमा थप गाउँपालिकाको तर्फबाट साझेदारीका रुपमा **रु. ८ लाख विनियोजन गरेको छु ।**

४०. गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुबाट हुने सेवालाई सर्वसुलभ र विश्वसनिय बनाउन स्वास्थ्यकर्मी तथा महिला स्वयं सेविकाहरुको लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ । यसका लागि **रु. १५ लाख विनियोजन गरेको छु ।**

४१. स्वास्थ्य चौकीमा रहेको प्रसुति केन्द्रहरुलाई सुदृणीकरण गर्दै लगिनेछ । यसका निम्ति स्वास्थ्य चौकीहरुमा दक्षता प्राप्त अनमीहरुको व्यवस्था गरिनेछ । यसका लागि **SBA** तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४२. गाउँपालिका भित्र रहेका आम नागरिकहरुको स्वास्थ्य उपचारलाई सहज र सरल बनाउन स्वास्थ्य चौकीहरुबाट निशूल्क औषधि वितरणको लागि आवश्यक बजेट **विनियोजन गरेको छु ।**

४३. गाउँपालिका भित्रका अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य चेकजाँचका लागि २ महिना १ पटक घरमा नै गएर उपचारका लागि स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गरिनेछ । यसका लागि **रु. १ लाख ८० हजार विनियोजन गरेको छु ।**

**पुर्वाधार विकास,**

४४. गाउँपालिकामा गत तथा चालु आर्थिक वर्षमा निर्माणाधिन तथा अधुरा योजनाहरु कबर्ड हल निर्माण, वडा नं. ५ को वडा कार्यालयको निर्माणाधिन भवन लगायत अन्य संरचनाहरुको पुर्णता दिन **आवश्यक बजेट विनियोजन गरेको छु ।**

४५. प्रदेश तथा संघिय सरकारबाट प्राप्त भएका आयोजनाहरुको लागत साझेदारी गर्न तथा म्याचिङ फण्ड स्थापनाका लागि समपुरक कोषमा **रु. १ करोड विनियोजन गरेको छु ।**

४६. गाउँपालिकाको सबै वडालाई जोड्ने तथा गाउँ गौरबको आयोजनाको रुपमा रहेको फाल्गुनन्द रिङरोडको बाकी खण्ड पुरा गर्न तथा यसको डिपिआर गर्न **रु. ५० लाख विनियोजन गरेको छु ।**

४७. गाउँपालिकाका सबै वडा कार्यालयहरुबाट गाउँपालिकाको कार्यालय सम्म जाने बाटोलाई १२ महिना चल्ने गरी स्तरोन्ती सोलिङ ग्राभेल लगायत गर्ने कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ । यसका लागि **आवश्यक बजेट विनियोजन गरेको छु ।**

४८. गाउँपालिकाका एउटा वडाबाट अर्को वडामा जाने बाटो स्तरोन्नती गरी १२ महिना नै चल्ने गरी सोलिङ ग्राभेल लगायत गर्ने कार्यलाई जोड दिइनेछ । यसका लागि एउटा

वडाबाट अर्को वडा जोड्ने रणनीतिक सडक योजनाको लागि **आवश्यक बजेट विनियोजन गरेको छु ।**

४९. गाउँपालिका भित्रका घाटहरुको संरक्षण गर्ने तथा आधुनिक घाट व्यवस्थापन गरी सहज बनाइदै लगिनेछ । यसका लागि आर्थिक वर्षमा ५ वटा घाट निर्माण गर्न आवश्यक **रु. २० लाख विनियोजन गररेको छु ।**

५०. **गाउपालिकाको** प्रशासकीय केन्द्रको **DPR गरी** आगामी आ.व. देखिनै काम सूरु गर्ने व्यवस्था मिलाइने छ । यसका लागि आवश्यक **रु. २० लाख विनियोजन गरेको छु ।**

**पर्यटन,**

५१. सेहोनाम्लाङ क्षेत्रको प्रवदर्धन गरी पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ । यसका लागि बृहत अध्ययन गरी **DPR** गर्न **रु. ५ लाख विनियोजन गरेको छु ।**

५२. सहिदहरुको सम्झना र सम्मानमा उपयुक्त स्थानमा स्मृति पार्क निर्माण गरिनेछ । यसका लागि अध्ययन गरी **DPR** गर्न **रु. ५ लाख विनियोजन गरेको छु ।**

५३. धार्मिक पर्यटन क्षेत्रमा रुपमा विस्तार गर्न ऐतिहासिक किरात युमा तिगेजङना नाम्सामी केसामी हाङसाम माङ्हिम, किरात हाङसाम युमा माङहिम लगायतका धार्मिक क्षेत्रहरुको विकास र संरक्षण गर्न **रु. १० लाख विनियोजन गरेको छु ।**

**लक्षित कार्यक्रम तर्फ,**

५४. फाल्गुनन्द गाउँपालिका आदिबासी जनजाती साँस्कृतिक विविधताले युक्त गाउँपालिका हो । यहाँ रहेको कल संस्कृतिको उजागर गरेर ऐतिहासिक रुपमा संरक्षण र संबर्धन गर्दै लगिनेछ । **यसका लागि विधिन्न तालिम तथा सांस्कृतिक पुनर्जागरण कार्यक्रम सञ्चालनका लागि रु. १२ लाख विनियोजन गरेको छु ।**

**५५.** राज्यको मुल प्रवाह भन्दा बाहिर रहेर अवसरबाट बञ्चित गरी पछाडि पारिएका दलित तथा अल्पसंख्यक नागरिकहरुको सशक्तिकरण गर्दै राज्यको मुल प्रवाहमा समावेश गर्दै लगिनेछ । यसका लागि तालिम तथा जनचेतामुलक कार्यक्रम तथा सामाग्री वितरणमा **रु. १२ लाख विनियोजन गरेको छु ।**

५६. समाजमा रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गरौं उनीहरुको जीवन यापनमा सहयोग पुर्याउँ भन्ने मुल अभिप्रायका साथ जेष्ठ नागरिकहरुको सम्मान तथा प्रोत्साहनका लागि कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि **रु. ५ लाख विनियोजन गरेको छु ।**

५७. फाल्गुनन्द गाउँपालिका सबै जातजाती तथा समुदायका नागरिकहरुको साझा फुलबारीको रुपमा स्विकार गरिएको छ । गाउँपालिकामा भित्र बसोबास गरि रहनु भएका खस आर्य समुदायको संस्कृति संबर्धनका लागि **रु. ५ लाख विनियोजन गरेको छु ।**

५८. अपाङ्गाता भएका व्यक्तिहरुको सामाजिक सुरक्षा र क्षमता अविबृद्धि गर्दै उनीहरुको हक र अधिकार स्थापित गर्दै लगिनेछ । यसका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न **रु. ५ लाख विनियोजन गरेको छु ।**

५९. प्रदेश सरकार, करुणा फाउण्डेशन नेपाल र गाउपालिकाको साझेदारीमा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि गाउँपालिकाको साझेदारीको लागि **रु. १७ लाख विनियोजन गरेको छु ।**

**सूचना तथा सञ्चार**

**६०.** पत्रकारहरुको क्षमता विकासका लागि पत्रकार महासंघ मार्फत कार्यक्रम सञ्चालन हुने गरी बजेटको व्यवस्था गरेको छु ।

**६१.** गाउँपालिकाका सूचना तथा गतिविधिहरुलाई जिल्लाका सञ्चार माध्यममा प्रकाशन प्रशारण गर्न सञ्चार माध्यमहरुलाई समानुपातिक र समावेशी रुपमा प्रोत्साहन गर्न **रु. ६ लाख विनियोजन गरेको छु ।**

**प्रकोप व्यावस्थापन,**

६२. फाल्गुनन्द गाउँपालिकामा पहिरो तथा आगोलागिजन्य विपद्को घटनाहरुको घट्ने संभावना देखिएकोले यसबाट सुरक्षित रहन विपद् प्रतिकार्य तथा उत्थानशिल योजना बनाइ कार्यान्वयन गरिनेछ । विपदबाट प्रभावित नागरिकहरुलाई सहायता गर्न प्रकोप व्यवस्थापन कोष स्थापना गरी **रु. २० लाख विनियोजन गरेको छु ।**

**बजार ब्यवस्थापन**

६३. मुख्य बजार तथा चोकहरुमा सडक दुर्घटना न्यूनिकरण गर्दै नागरिकहरुको सुरक्षाका निम्ति सडक बत्ती जडान गरिनेछ । यसका लागि **रु. १५ लाख विनियोजन गरेको छु**

**वडा तर्फ,**

६४. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. १ मा पुजिगत तर्फ रु. ४३ लाख ९० हजार र चालु खर्च तर्फ रु. ३१ लाख १० हजार विनियोजन गरेको छु ।

६५. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. २ मा पुजिगत तर्फ रु. .२८ लाख ८१ हजार र चालु खर्च तर्फ रु. २१ लाख १९ हजार विनियोजन गरेको छु ।

६६. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ३ मा पुजिगत तर्फ रु. ३४ लाख ८० हजार र चालु खर्च तर्फ रु. ३५ लाख २० हजार विनियोजन गरेको छु ।

६७. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ४ मा पुजिगत तर्फ रु. ३७ लाख र चालु खर्च तर्फ रु. २३ लाख विनियोजन गरेको छु ।

६८. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ५ मा पुजिगत तर्फ रु. ४३ लाख ५० हजार र चालु खर्च तर्फ रु. १६ लाख ५० हजार विनियोजन गरेको छु ।

६९. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ६ मा पुजिगत तर्फ रु. ३२ लाख ५० हजार र चालु खर्च तर्फ रु. २२ लाख ५० हजार विनियोजन गरेको छु ।

७०. वडाका समग्र आवश्यकताका आधारमा वडा गत योजनाहरु सञ्चालन गर्न वडा नं. ७ मा पुजिगत तर्फ रु. ३९ लाख ५० हजार र चालु खर्च तर्फ रु. १५ लाख ५० हजार. विनियोजन गरेको छु ।

७१. यसरी आर्थिक बर्ष २०७९/८० को लागि गाउँपालिकामा शसर्त तथा समानिकरण रु ४४ करोड ५७ लाख र संघीय राजस्व बाँडफाँड रु ८ करोड ७५ लाख ९७ हजार, प्रदेश सरकार समानीकरण तथा राजस्व बाडफाँड तर्फ रु. ९६ लाख १४ हजार ६९० र आन्तरिक राजस्व अनुमान रु ५५ लाख ५० हजार तथा अल्या रु २ करोड लगायत कुल रु. ५७ करोड ८४ लाख ६१ हजार ६९० आय अनुमान गरिएको छ ।

७२. गाउँपालिकाको कुल बजेट मध्ये पुँजिगत खर्च तर्फ रु. १६ करोड ७६ लाख ११ हजार ६०९ र चालु खर्च तर्फ रु. ४१ करोड ८ लाख ५० हजार विनियोजन गरेको छु । गरी जम्मा ५७ करोड ८४ लाख ६१ हजार ६९० बजेट प्रस्ताव गरेको छु ।

७३. समग्र गाउँपालिकाको विकास र समुन्नतका लागि प्रत्यक्ष एवं परोक्ष रुपमा योगदान पुर्याउनु हुने सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी साथीहरु, राजनीतिक दल, नागरिक समाज, विभिन्न सहयोगी संस्थाहरु तथा दाजु भाइ तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको पूर्ण सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**श्री ठाकुर सिं नेम्बाङ**

**उपाध्यक्ष**

**मितिः २०७९/०३/१०**

**धन्यवाद ।**